# घरपझोङ राजपत्र

**घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ५) जोमसोम, चैत्र २२ गते, २०८१ साल (संख्या : ०९)**


## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय मुस्ताङको**
**सूचना**

## घरपझोङ गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधित) कार्यविधि, २०८१

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मुलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:** प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था:** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस घरपझोङ गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा तपसिलको ३ सदस्यीय जाँचबुझ समितिबाट जाँचवुझ गराउनु पर्नेछ ।

संयोजकः सिभिल ईन्जिनीयर

सदस्यःप्रशासन शाखा प्रमुख

सदस्यः सव ईन्जिनीयर

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम घरपझोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरणः** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र (कम्तीमा अघिल्लो आ.व.मा प्राप्त गरेको), फर्म वा कम्पनीको दर्ता नविकरण सहित घरपझोङ गाउँपालिकामा तोकिए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न घरपझोङ गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची ३ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची ३ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न घरपझोङ गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा तोकिए बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

(४) ईजाजतपत्र नवीकरण दर्ता किताब घरपझोङ गाउँपालिकाबाट निर्माण व्यवसायी फर्म /कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरुको विवरण स्पष्ट रुपमा खुलाई अनुसूची - २ बमोजिमको ईजाजतपत्र नवीकरण दर्ता किताबमा कार्यालयले लगत राख्नु पर्छ ।

**(४) इजाजतपत्रको खारेजीः** (१) देहायको अवस्थामा घरपझोङ गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा घरपझोङ गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**(६) नामसारी गर्ने व्यवस्थाः** कुनै फर्म वा कम्पनी सो फर्म वा कम्पनीको प्रोप्राइटरले विक्री गर्न चाहेमा वा अन्य व्यक्तिले खरिद गर्न चाहेमा खरिद गर्ने प्रोप्राइटरले अनुसूची ४ बमोजिमको व्यवस्थापन र तोकिए बमोजिमको राजश्व दाखिला गरेपछि इजाजतपत्र नामसारी गरिदिनु पर्नेछ ।

***(६)(क) ठाउँसारी सम्बन्धी व्यवस्थाः-** अन्यत्र निकायमा दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायीले यस घरपझोङ गाउँपालिकामा ठाउँ सारी गर्न चाहेमा दर्ता भएको निकायबाट सिफारिस गरिको पत्रसाथ निर्माण व्यवसायी दर्ताको सक्कल/छायाँप्रति फाईल राखी निवेदन पेश गरेमा तोकिएको शुल्क लिई ठाउँ सारी गर्न सकिने छ ।

**(७) प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**(८) बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

** मिति २०७९/०५/१२ गतेको कार्यपालिकाको बैठकबाट दफा *(६)(क) थप भएको*

**अनुसूची -१**

कार्यविधिको दफा (२) को उपदफा (१) संग सम्बन्धित

ईजाजतपत्रको लागी दिइने दरखास्त

| दरखास्तवालाको फोटो |
|---|

बिषयः ईजाजतपत्र पाउँ भन्ने बारे ।

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**

घरपझोङ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

जोमसोम, मुस्ताङ ।

यस घरपझोङ गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउँन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नामः ठेगानाः पोष्टबक्सः

टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | |
| साझेदारी | |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको

नामः ठेगानाः पोष्टबक्सः

टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं.: दर्ता मितिः अधिकृत पूँजीः

जारी पूँजीः दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजतपत्र लिन चाहेको वर्गः "घ"

६. सामुहिकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोत विवरणः

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण

(क) प्राविधिकः

(ख) अप्राविधिकः

(ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपी तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि साधन मेशिनको औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागतजात दर्ता प्रमाणपत्र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भने मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्छ ।

१०.यस अघि सम्पन्न गरेको कामको विवरणः-

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था, प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११.करचुक्ता गरेको प्रमाणपत्रः-

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निर्माण व्यवसायीको छाप**

**दरखास्तवालाकोः-**

दस्तखतः

नाम,थरः

ठेगानाः

मितिः

सम्पर्क मो.नं./टे.फो.नं. :

**अनुसूची -२**

कार्यविधिको दफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) संग सम्वन्धित

घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जोमसोम, मुस्ताङ ।

गण्डकी प्रदेश, नेपाल

# ईजाजतपत्र

ईजाजतपत्र नं................. मितिः..............................

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि, २०७७ को दफा (२) को उपदफा (४) वमोजिम निर्माण व्यवसाय गर्न .................................................................. स्थित कार्यालय भएको.......................................................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

**“घ”**

ईजाजतपत्र दिनेकोः
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयः

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**ईजाजतपत्र नवीकरण दर्ता किताब**

घरपझोङ गाउँपालिका,

**गाउँ कार्यपालिकाको कार्यालय**, जोमसोम, मुस्ताङ ।

निर्माण व्यवसायको नाम ठेगानाः व्यवसाय दर्ता नं.: व्यवसाय दर्ता मितिः

ईजाजतपत्र नं.:

प्रो............................... वर्गः- "घ"

| सि.नं. | नविकरण भएको मिति | ईजाजत पत्र नविकरण दस्तुरको रसिद नं. | नविकरण दस्तुर | दस्तुर बुझाएको मिति | नविकरण बहाल रहने अवधि | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-३

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको नाम | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकमः | क) नामः | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकमः | क) अन्तिम ठेक्का रकमः | |
| | | | | | ……………………… | ……………………… | | | ……………………… | ……………………… | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारी को नामः | ख) सम्पन्न मितिः | ख) सम्पन्न मितिः | |
| | | | | | ……………… | ……………… | ……………… | ……………… | ……………… | ……………… | |
| | | | | | ग) ठेक्का अवधिः | ग) हस्ताक्षरः | ख) पदः | ख) पदः | ग) सम्पन्न % | | |
| | | | | | ……………… | ……………… | ……………… | ……………… | ……………… | ……………… | |
| | | | | | | घ) छापः | ग) हस्ताक्षरः | ग) हस्ताक्षरः | घ) नामः | घ) नामः | |
| | | | | | | ……………… | ……………… | ……………… | ……………… | ……………… | |
| | | | | | | घ) निर्णय मितिः | घ) छापः | पदः | पदः | | |
| | | | | | | | | ……………… | ……………… | | |
| | | | | | | छापः | ……………… | हस्ताक्षरः | हस्ताक्षरः | | |
| | | | | | | ……………… | | ……………… | ……………… | | |
| | | | | | | | | छापः | छापः | | |
| | | | | | | | | | | | |
| | | | | | | | | ……………… | ……………… | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसुची - ४

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमताः** कम्तीमा रु. पाँच लाख रुपैयाको चालु पूँजी देखाई उद्योग विभाग वा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेशीन र उपकरणः**

**(क) ........................

**(ख) ........................

(ग) Theodolite /Level Machine/Total Station: एक थान

**(घ) वाटर पम्पः एक थान

** (ङ) भाइब्रेटरः एक थान

**नामसारी सम्बन्धमाः**

१. कम्पनी दर्ता भएको निकायबाट कम्पनीको स्वामित्व नामसारी गरेको प्रमाणपत्रहरु,
२. आन्तरिक राजश्व विभाग/कार्यालयमा पुरानो दर्ताको कर चुक्ता प्रमाणपत्र नयाँ कम्पनीको करदाता प्रमाणपत्र ,
३. यस कार्यविधि अनुसार दर्ता भएका ईजाजत पत्र नामसारी गर्नु पर्ने भएमा कार्यविधिमा उल्लेखित दर्ता गर्दाका उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागतजात वा कार्यविधिमा व्यवस्था गरे अनुसारको जनशक्ति वा उपकरण,
४. निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुँदा भएका निर्माण व्यवसायीको हकमा नामसारी गर्नु परेमा निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुँदा पेश गरे बमोजिमका जनशक्ति र उपकरण पेश गर्नुपर्नेछ ।

**द्रष्टव्यः**

१. मेशिन र उपकरणको बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाणपत्र र सम्पति कर वा भूमिकर (एकिकृत सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा सम्पति कर वा भूमिकर (एकिकृत सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपी ।

६. जे. सि. वि. एक थान । (औचित्यताको आधारमा)

*<u>**मिति २०८१/१२/२२ मा अनुसूची -४ को ३. मेशीन र उपकारणः (क) ट्रिपर वा ट्ताक्टरः एक थान, हटाई : **(क)..... र (ख) मिक्सरः एक थान : हटाई : **(ख)................. , (घ) र (ङ) मा तिन थानलाई एक थान बनाएको</u>*

**अनुसूची - ५**

**कार्यविधिको दफा (३) को उपदफा (२) संग सम्वन्धित**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ ।

बिषयः- ईजाजत –पत्र नविकरण गरी पाऊ भन्ने बारे ।

यस घरपझोङ गाउँपालिका कार्यालयको कार्यविधि २०७७ बमोजिम निर्माण व्यवसाय सन्चालन गर्ने ईजाजतपत्र नविकरण गर्नको लागि देहाए बमोजिम बिवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायको (फर्म वा कम्पनी) को**

(क) नाम :-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स नं. :-
(घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :-
(च) ईमेल :-

**२. निर्माण व्यवसायको दर्ता गर्ने कार्यालयको**

(क) नाम :-
(ख) ठेगाना :-

**३. निर्माण व्यवसायको**

(क) प्रमाणपत्र नं. :-
(ख) दर्ता मिति :-
(ग) ईजाजतपत्र नं. :-
(घ) ईजाजतपत्र जारी भएको मिति :-
(ङ) ईजाजतपत्र जारी गर्ने कार्यालय :-

**४. (क) नेपाल निर्माण व्यवसायी महासंघको**

(क) सदस्यता नं. :-
(ख) नविकरण मिति :-

**५. ईजाजतपत्र नविकरण दस्तुर/थप वापत**

रु............................अक्षेरुपी........................................... जम्मा गरेको ........................बैंकको सक्कल भौचर/कम्प्युटर रसिद नं. सक्कल यसैसाथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निर्माण व्यवसायको छाप**

निर्माण व्यवसायको तर्फबाट दरखास्त दिनेको
नाम :-
पद :-
दस्तखत :-

## अनुसूची - ६

## कार्यविधिको दफा (३) को उपदफा (२) संग सम्वन्धित

**"घ" वर्गको ईजाजतपत्र नवीकरण गर्दा पेश गर्नुपर्ने कागतजातहरू:**

१. निवेदकको तोकिए बमोजिमको निवेदन ।

२. उद्योग दर्ता प्रमाणपत्र /PAN दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

४. एकिकृत कर वा सम्पत्ति कर वा भूमि कर तिरेको रसिदको प्रमाणित प्रतिलिपी ।

५. घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा र कम्तीमा २ वर्ष घरभाडा लिएको सम्झौता पत्र ।

६. प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपी ।

****अनुसूची-७**

**कार्यविधिको दफा (छ)(क) सँग सम्बन्धित**

**ठाउँसारीको लागि दिइने दरखास्त**

दरखास्तवालाको फोटो

विषयः ठाउँसारी गरी पाउँ भन्ने बारे ।

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
घरपझोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोममुस्ताङ । ,

यस घरपझोङ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउँन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको
नामः ठेगानाः पोष्टबक्सः
टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | |
| साझेदारी | |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको
नामः ठेगानाः पोष्टबक्सः
टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

४. फर्म वा कम्पनीको विवरण
दर्ता नं.: दर्ता मितिः अधिकृत पूँजीः
जारी पूँजीः दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. घरपझोङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७९ , (सशोधन सहित) को अनुसूची ४ बमोजिमको योग्यता पुगेको – छ / छैन

६. सामुहिकरण अन्तर्गतको समूहः

***अनुसूची ७ मिति २०८१/१२/२२ गतेको कार्यपालिकाको बैठकबाट थप गरिएको*

७. आर्थिक श्रोत विवरणः

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निर्माण व्यवसायीको छाप**

**दरखास्तवालाकोः-**

दस्तखतः

नामथर,ः

ठेगानाः

मितिः

सम्पर्क मो.नं./टे.नं.फो. :

---

**<u>कार्यालय प्रयोजनः</u>**

घरपझोङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१, दफा (२)(२) बमोजिम योग्यता पुगेको भए प्रमणित गर्नेः

| क्र.सं. | पद | पदाधिकारीको नामथर , | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | | | संयोजक |
| २ | प्रशासन शाखा प्रमुख | | | सदस्य |
| ३ | सव-ईन्जिनियर | | | सदस्य |

**आज्ञाले,**

वेदहरि अधिकारी

घरपझोङ गाउँ कार्यपालिकाको

**प्रमुख प्रशासकीय अधिकृत**

मिति : २०८१/१२/२२